नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय,

कास्की, पोखरा

# जिल्लास्तरिय गैह्र सरकारी संस्थाहरुको
# बार्षिक समिक्षा गोष्ठी

# प्रगति प्रतिवेदन
# आ.व. २०७२/०७३

**०७३ श्रावण २८**

## जिल्लास्तरिय बार्षिक प्रगति समीक्षा गोष्ठी
## गैह्र सरकारी संस्थाहरुको
### आ.व.०७२/०७३ को प्रतिवेदन

**खण्ड १**

**१. पृष्ठभुमी :-**

संस्थागत रुपमा संचालन भएका कार्यहरुको समय समयमा सरोकारवालहरुविच समीक्षा गरी पृष्ठपोषण प्राप्त गर्ने र उक्त पृष्ठपोषणको आधारमा संस्थागत सुधारका उपायहरु पहिचान गर्ने गरिन्छ । यद्यपि यस किसिमका समीक्षाबाट राम्रा असल र प्रभावकारी सिकाइहरुलाइ प्रचार प्रसार गर्ने, अवलम्वन गर्ने र देखापरेका कमी कमजोरी केलाइ सुधारका लागी सुझावहरु समेत ग्रहण गर्ने तथा आयोजनाहरुको विभिन्न चरणमा प्रगति भए गरेका कामकारवाहीहरुको निरीक्षण, तथा अनुगमन गर्ने सहभागीता मुलक विधि यसलाइ मानिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ साथै स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिन्चेद ५ दफा ३६ मा समीक्षा र मुल्याङ्कन सम्वन्धी व्यवस्था उल्लेख गरिएको छ । सोही दफाको (२) मा जिल्ला विकास समितिले जिल्ला विकास योजनाको समीक्षा देहाय बमोजिम गरिएको सम्वन्धमा समय समयमा आयोजनाहरुको प्रगती, प्रभाव, मर्मत सैभार, लाभान्वीत समुदायको किसिम र परिमाण, उत्पादन, रोजगारी तथा बातावरणमा परेको प्रभाव समेतको मुल्याङ्कन गरी वैठकमा गैह्रसरकारी र दातृ संस्थाका प्रतिनिधिहरुलाइ समेत आ-आफ्नो क्षेत्रबाट संचालित जिल्लास्तरीय कार्यक्रमहरुको प्रगती विवरण सहित समिक्षाका लागी आमन्त्रण गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ भने उक्त समिक्ष वैठकमा प्राप्त सुझाव समेत राखि त्यसको प्रतिवेदन सम्वन्धित आयोजना संचालन गर्ने निकायमा पठाउने र त्यस्तो प्रतिवेदन जिल्ला परिषदमा पेश गर्नु पर्ने साथै आफ्नो क्षेत्रभित्र आयोजना बा कार्यक्रममा कुनै किसिमको अनियमितता भएको जानाकारी हुन आएमा जि.वि.स. ले आवश्यक कार्यबाहिको लागी सम्वन्धित निकायमा सिफारिस गर्ने व्यहोरा उल्लेख भएको छ ।
जिल्ला विकास योजना (२०७२/०७३) को कार्यान्वयन अवधि भरमा भए गरेका आर्थिक एवं भौतिक गतिविधिहरुका प्रगती विवरण, कार्य सम्पादनको क्रममा अभ्यास गरिएका असल सिकाइहरु एवं आइपरेको समस्या एवं समस्या समाधानका लागी चालिएका प्रयासहरु समेतका विवरणहरु गैह्र सरकारी संघसंस्थाहरुलाई पालै पालो प्रस्तुत गर्न लगाइ सहभागितामुलक छलफल र अन्तरक्रियाको माध्यमबाट बार्षिक समिक्षा गरिएको थियो ।

## १.२. उद्येश्य :-

यस समिक्षाको उद्येश्य निम्नानुसार रहेका थिए ।

१) बार्षिक रुपमा भए गरेका आर्थिक तथा भौतिक प्रगतीको अवस्था पहिचान गर्नु ।
२) विषयगत कार्यालयहरुले गरेको अनुकरणीय कार्यहरु ।
३) असल सिकाइहरुको पहिचान गर्ने ।
४) पारदर्शिताको लागि अपनाइएको उपायहरु ।
५) देखा परेका समस्याहरु र चुनौतीहरु ।
६) आगामी वर्ष समस्या समाधानका लागि अपनाउनु पर्ने उपायहरुको खोजी गर्नु ।

## १.३ महत्व :-

१) विषयगत निकाय,संघसंस्था एवं कार्यालयको समग्र प्रगती अवस्थाको जानाकारी हुने ।
२) आगामी वर्षको बार्षिक योजना  कार्यान्वयन गर्न सघाउ पुग्ने ।

## १.४. सहभागीहरुः-

मिति २०७२।०५।०९ र १० गते दुई दिन चलेको थियो । स्थानीय विकास अधिकारीज्युको अध्यक्षतामा विशेष उपस्थितिमा प्रमुख जिल्ला अधिकारीज्यू,को उपस्थिति रहेको थियो । राजनैतिक दलका प्रमुख वा प्रतिनिधि, विषयगत कार्यालयका कार्यालय प्रमुखहरु, गैह्र सरकारी संस्थाका प्रमुख वा प्रतिनिधिहरु, गै.स.स. महासंघ अध्यक्ष/उपाध्यक्ष, गा.वि.स. महासंघ, दलित,आदिवासी जनजाती, महिला, मुस्लीम, वालवालिका, अपाङ्ग समन्वय समितिका न. वर्तमान उपाध्यक्षहरु र प्रतिनिधिहरु , रेडियो/पत्रकार साथै संचारकर्मीहरु र संस्थाका कर्मचारीहरु गरी जम्मा ९४ जनाको उपस्थिति भएको थियो । विहान १०:३० वजे देखि शुरु भई साझ ५.०० वजे सम्पन्न भएको थियो ।

## १.५. विधि :-

निश्चित फारमहरु उपलब्ध गराइ सोही बमोजिम प्रगती विवरणहरु Power point बाट प्रस्तुत गर्न लगाइएको थियो । आर्थिक तथा भौतिक प्रगतीको स्थिति पेश्की तथा बेरुजुको उपायहरु, अनुकरणीय कामहरुको विवरण, आइपरको समस्याहरुको वारेमा प्रस्तुत गर्न लगाई सो माथि छलफल गरी सुझाव दिने लिने प्रकृयाबाट गोष्ठी संचालन गरिएको थियो । उक्त format विश्लेषणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

## १.६. सीमा :-

१) सामान्य गणितिय विधिहरुको प्रयोग गरिएको छ ।
२) बढी छलफलमा उठेका विषयवस्तु र सो को निरुपणका लागी भएका सहमतीको आधार लिइएको छ ।
३) प्रस्तावित फारम बमोजिम सवै निकायहरुबाट विवरण प्रस्तुत नभएको कारणले यथेष्ठ रुपमा तथ्यगत विश्लेषण गर्न सकिएको छैन ।

# खण्ड २

## २.१. पारदर्शिताका लागी अपनाइएका उपायहरु :-

विभिन्न कार्यालय तथा संघसंस्थाहरुले पारदर्शिताको लागी निम्न उपायहरु अपनाइएको पाइयो ।
१) रेडियो/पत्रपत्रिका/एफ.एम बाट प्रसारण प्रकाशन /प्रसारण ।
२) नागरिक वडापत्र ।
३) सुचना पाटीमा टाँस
४) हेल्पडेक्सको व्यवस्था
५) नोडल अधिकृतको व्यवस्था
६) टोल फ्रि नंम्वरको व्यवस्था
७) घुम्ती तालिम तथा अन्य कार्यक्रमबारे जानकारी
८) विभिन्न प्रकाशनहरु मार्फत ।
९) पोष्टर, बुकलेट आदि ।
१०) आन्तरिक समिक्षा
११) पत्रकार सम्मेलन

१२) हाडिङ्ग वोर्ड/ सुचनापार्टी
१३) सार्वजनीक परीक्षण/ सुनुवाइ आदि

## २.२. अनुगमन व्यवस्था :-

संस्थागत अनुगमनको व्यवस्था रहेको यद्यपि यसलाइ व्यवहारिक रुपमा कार्यान्वयन गर्दा भने सामान्य रुपमा मात्र गरेको पाइयो । अनुगमन प्रतिवेदन, फारम joint monitoring त्यसको समिक्षा गरी सुझाव र सुधारको लागी ठोस पहल भएको पाइयो । सवै निकायहरुले अनुगमनको संस्थागत व्यवस्था नगरेका, अनुगमन प्रतिवेदनहरु तथा अनुगमनको क्रममा प्राप्त सुझावहरु सम्वन्धीत पक्षलाइ उपलब्ध गराउने क्रममा विविधता एवं न्युनता रहेको प्रस्तुतीबाट पाइयो ।

# खण्ड ३.

## निष्कर्ष तथा सुझावहरु :-

## ३.१. निष्कर्ष :-

१) विपत व्यवस्थापन व्युनीकरण गर्न संस्थाबाट तारवाली वितरण गरिन्छ भने जि.वि.स. संग समन्वय गरी वितरण गर्ने ।
२) समीक्षा गर्दा समय कम भयो ।
३) जिल्ला परिषदबाट कार्यक्रम स्वीकृत गराउने र कार्यक्रम कुन कार्यालय संग मिल्छ समनलय गरी गर्ने ।
४) जिल्ला विकासले गैह्र सरकारी संस्थाहरुले गरेको कामको अनुगमन गर्ने
५) D pack को मिटिङ्ग बाट जानकारी गराएर मात्र कार्यक्रम संचालन गर्ने

## ३.२. सुझावहरु :-

१) **स्थानीय विकास अधिकारीज्यूबाट** :-

- राम्रो कामलाई ग्रहण गर्ने र कमजोरी पक्ष लाई सुधार गर्ने
- प्रविधि मैत्री हुनु पर्ने जस्तै wibside मा एकिकृत गरी राख्ने
- मर्मत संभार कोषको व्यवस्थापन

## ३.३. अनुकरणिय कार्य तथा समस्या , समाधान र पारदर्शिताको लागी अपनाईएका उपायहरु :-

विभिन्न संघसंस्थाहरुले यस आ.व.मा गरेका अनुकरणीय कार्य तथा कार्य सम्पादनको क्रममा आइ परेका समस्या ,समाधान र पारदर्शिताको लागी अपनाईएका उपायहरुलाइ निम्नानुसार औल्याएको पाइयो ।

| सि. नं. | कार्यालयको नाम | अनुकरणीय कार्य | समस्या | समाधानका उपाय | पारदर्शिताको लागी अपनाइएका उपायहरु : |
|---|---|---|---|---|---|
| १ | स्टार चिल्ड्रेन कास्की नेपाल | • ४जना नानी हरुले सि.एम .ए र १जना नानी ले ल्याबटेक्टीसियन कोश सफलता पूर्वक<br>• तालीम केन्द्रबाट सिलाई बुटिक , गुडिया बनाउने मैनवत्ती बनाउने ,ढकिया बनाउने<br>• महिला ,एकलमहिला तथा किशोरीहरुलाई कानूनी तथा स्वास्थ स्त्री रोग सम्बन्धी सचेतना | • अध्ययनको लागी संस्थामा सहयोगको लागि आएकाहरुलाई उमेरको कारणले विधालय भर्ना गर्न कठिनाई<br>• बालिकाहरुलाई घर परिवार तथा समाज पुनस्थापना गर्न कठिनाई<br>• बालिकाहरुलाई रोजगारी समस्या<br>• आर्थिक रुपले दातृ संस्थाको भर पर्नु पर्ने | • नानीहरुसँग निरन्तर परामर्श गरी विधालय जान उत्प्रेरण<br>• बेलाबेलामा परिवार संग भेटघाट र परामर्श<br>• विभिन्न व्यवसायीक निकाय संग समन्वय गरी ओजेटी बातावरण बनाईदिने तथा रोजगारी दिन अनुरोध गरिएको | • आर्थिक तथा कर्मचारी नियमावलीको अनुशरण<br>• बालबालिका भर्ना निति तथा बालगृह संचालन निति अन्तर्गत कार्यान्वयन गरिएको बोर्ड पदाधिकारी तथा व्यवस्थापन कर्मचारी फरकफरक रहेको<br>• बार्षिक रुपमा बाह्य लेखापरिक्षक बाट लेखापरिक्षण हुने |
| २ | नमस्ते सामुदायिक प्रतिष्ठान | • परिवारको वित्तिय अवस्थामा सुधार भएको बालगृह कार्यक्रम बाट करिव ९ जना र छात्रवृति कार्यक्रम बाट करीव ९जना र छात्रबृति कार्यक्रम बाट २५ जना बालबालिका हरुलाई एस एल सी पश्चाच पुर्नस्थापना गरिएको<br>• कुल २५ जना महिलालाई एकल महिलाहरुलाई पूर्णकालीन ब्यवसायिक तालिम प्रदान र २१जानलाई व्यवसाय गर्न आवश्यक आर्थिक तथा अन्य सहयोगहरु प्रदान गरिएको र | • कार्यक्रम संञ्चालन गर्दा विदेशी दातृ निकायको भर पनुपर्ने अवस्था भएको<br>• कतिपय बालबालिकाहरुको आफन्त फेला नपरेको हुदाँ आवश्यक पहिचान -नागरिकता जन्मदर्ता आदी ) दिन नसकिएको ।<br>• बालबालिका हरुलाई पुर्नस्थापना गर्दा रोजगारको समस्या देखा पर्ने गरेको<br>• कोही नातेदार पनि नभएको र विशेषत:बालिकाहरुलाई पुर्नस्थापना गर्न समस्या भएको ।<br>• विधान संशोधन गर्न धेरै प्रयास गरेको भएपनि पुरा गर्न नसकिएको जसले गर्दा कहिले काहि समस्या हुने गरेको | • आन्तरीक कोष संकलनकालागि आवश्यक अन्य प्रयास गरेको<br>• हरेक वालवालिकाको आफन्त पत्ता लगाउन हरदम कोशिश गरेको र संम्भव भएसम्म पहिचान दिलाउन प्रयास गरेको<br>• पुर्नस्थापना भएका हरेक बालबालिका लाई रोजगारको लागि हर सम्भव प्रयास गरेको र रोजगार नपाउदा सम्म अन्य विविध सहयोग गर्ने गरेको<br>• पुर्नस्थापना भएका बालिकाहरुलाई नियमित सम्पर्क गरी आफन्त को | • कम्प्युटर प्रणाली मार्फत अन्तराष्ट्रिय मान्यता प्राप्त लेखाबिधि अनुरुप लेखा राखिएको हरेक बर्ष चार्टड एकाउण्टेन्ट बाट लेखा परिक्षण गरी नियमित कर तिदै आएको<br>• हरेक कारोबारलाई आर्थिक तथा प्रशानिक नियामवली अन्तर्गत रहेर कार्य गर्ने गरेको र समयसमयमा छड्के जाँच गर्ने गरेको<br>• हरेक वर्षको लेखा परिक्षण प्रतिवेदन लाई सरकारी निकायहरु ीदन गरेको तथा वेभ साईट मा पनि प्रकाशन गर्ने गरिएको<br>• रु ५,००० भन्दा माथिको सम्पूर्ण खर्चहरु चेक मार्फत भुक्तानी गर्ने गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४५जानलाई पुर्नताजगी तालिम प्रदान गरिएको<br>● आपतकालिन पुर्व तयारी कक्षाहरु सञ्चालन र नेपाल सरकारद्धारा तयार गरिएको न्युनत्तम मापदण्ड अधिक्तम मापदण्ड रुपमा लागु गर्न आवश्यक कदम चालिएको | ● गरिवीका रेखामुनि रहेका एकल महिलालाई रोजगारमुलक तालिम दिन कोशिष गरेपनि उक्त उद्धेश्उसंग मेल खाने महिलाको संख्या न्यून रहेको | भुमिका निर्वाह गरेको<br>● समय समयमा जिल्ला बाल कल्याण समिति प्रमुख र बाल अधिकार मार्फत समस्या समाधानका लागि आवश्यक पहल गरेको<br>● महिला सशिक्तरण तालिमलाई आवश्यकता अनुसार अन्य स्थानमा समेत तालिम दिन सक्ने गरी मोबाईल तालिम केन्द्रको रुपमा विकास गर्न लागिएको | |
| ३ | सीप हस्तान्तरण द्धारा सशक्तिकरण -नेष्ट | ● कास्की जिल्लाका ११ गा.वि.स र पोखरा उपमहानगरपालिकाका १० वटा वडामा संचालन गरिएको सामाजिक परिचालन<br>● रौतहट जिल्लामा संचालन गरिएको खुला दिसामुक्त अभियान<br>● कादुरी एकयाप कास्की लम्जुङ्ग म्याग्दी र केयर नेपाल बुटवलका लागि संचालन गरिएको धुवा रहित चुलो घर वगैचा नेतृत्व विकास तथा सुशासन र प्रशिक्षक प्रशिक्षण तालिमहरु | ● साझेदार संस्थाहरुमा गुणात्मक भन्दा लक्ष्य पुरा गर्ने प्रवृर्ति रहेको<br>● तलिम तथा परियोजना कार्यान्वयनका लागि योग्य तथा अनुभवी श्रोतव्यक्तिहरुको अभाव<br>● लक्षित वर्गमा केही सिक्ने र स्तरोन्नतीका लागि प्रयास भन्दा पैसा भत्ता र सुविधामा वढी चासो | ● लक्षित वर्गमा चेतना अभिवृद्धि गर्ने क्रियाकलापमा जोड दिइएको<br>● साझेदार संस्थाहरुका लागि प्रदान गरिएका सेवालाई सक्दो गुणात्मक बनाई विश्वासको वातावरण सिर्जना गर्ने प्रयास भएको<br>● लक्षित वर्गमा सेवा सुविधा भन्दा ज्ञान र सीय दिने कुरामा जोड दिइएको | ● प्रतिवेदन प्रकाशन तथा वितरण |
| ४ | सृजना विकास केन्द्र | ● रक्तदान ,सरसफाई तथा पुनजलिय कार्यक्रम<br>● वक्तृत्वकला प्रतियोगिता<br>● सडक दौड प्रतियोगिता | ● स्रोत र साधन जुटाृन समस्या<br>● जनशक्ति परिचालनमा समस्या | ● सहयोगको लागि विभिन्न निकायमा समन्वय गरिएको<br>● संस्थाका सम्पूर्ण सदस्य ज्युहरुलाई कार्यक्रममा अनिवार्य उपस्थितिको लागि आव्हान गरिएको | ● बिल तथा भरपाई अनुसार भुक्तानी गरिएको<br>● हिसाव किताव चुस्त दुरुस्त एंव पारदर्शी तरिकाले राखिएको<br>● आम्दानी तथा खर्चको विवरण कम्प्युटर मा ईन्ट्री गरिएको |
| ५ | वाल तथा महिला पीटीएन | ● भूकम्प प्रतिरोधी एवम अवरोध मुक्त विद्यालण भवन निर्माण<br>● पुस्ताकालय निर्माण एंवम | ● समुदाय ले बुझ्न गाहो<br>● नेपाल सरकारबाट कार्य संचालन गर्दा प्रक्रिया झन्झटिलो | ● समुदायलाई समुदाय स्तरमा गरिने कार्यक्रम सम्वन्धमा सचेत<br>● नेपाल सरकारबाट स्वीकृत लिई | • बैठक बाट निर्णय गरी सुचना प्रक्रिया द्धारा पारदर्शिता अपनाईएको<br>• बोलपत्रको माध्यमबाट व्यवस्थापन गरिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवस्थापन कार्यक्रम<br>● छात्रबृति वितरण कार्यकम | ● मौसम अवरोध | कार्यक्रम संचालन गरेको<br>● समय अनुकुल व्यवस्था गरेको | • गरिव तथा जेहेन्दार बालबालिकालाई छनौट गरिएको |
| ६ | कोपिला नेपाल | ● बालबालिकालाई लाई शैक्षिक साम्रगी सहयोग<br>● संस्कृती आदान प्रदान | ● स्रोत रसाधन जुटाउन समस्या<br>● जनशक्ति परिचालनमा समस्या | ● सहयोगको लागि विभिन्न निकाय मा समन्वय गरिएको<br>● संस्थाका सदस्यहरु कार्यक्रममा अनिवार्य उपस्थिति लागि आव्हान गरिएको | • विल तथा भरपाई अनुसार भुक्तानी गरिएको<br>• हिसाव किताव चुस्त दुरुस्त एंव पारदर्शी तरिकाले राखिएको |
| ७ | नेपाल रेडक्रस सोसाइटी | ● रक्तसंचार सेवा<br>● खानेपानी तथा सरसफाई कार्यक्रम<br>● विपद् प्रभावितहरुलाई तत्काल राहत र प्राथमिक उपचार सेवा | ● दाताहरुबाट समयमा वजेट प्राप्त नहुनु<br>● कहिले काही कार्यक्रम मा दाहोरोपना आउने | ● सम्वन्धित सरोकारवाला निकायसंग समन्वय गरी दोदोरोपना हटाउने प्रयास गरिएको | • प्रत्येक कार्यक्रम सम्पन्न भएपछि र वार्षिक रुपमा सार्वजनिकीकरण<br>• साप्ताहिक रुपमा पत्रपत्रिका रेडियोबाट गतिविधिहरुको प्रचार प्रसारण<br>• त्रैमासिक तथा वार्षिक प्रकाशन<br>• साधारण सभा लेखा तथा भौतिक परिक्षण |
| ८ | | | | | |
| ९ | पशु स्वास्थ्य तालिम तथा परामर्श तालिम | ● ४७९ अश्व पशुहरुको निःशुल्क स्वास्थ्य उपचार गरेको<br>● ग्रा.प स्वा .का तालिम अवधिमा निःशुल्क पशु  स्वास्थ्य शिविर सञ्चालन गरी १०५०वटा पशुको स्वास्थ्ह उपचार गरिएको<br>● पोखरा २२ आर्वामा कसेरी देखि आर्वा सम्मको १२० मिटरको बाटो कालोपत्रे र ५० मिटरको बाटो ग्राभेल गर्नको लागि रु १,४०,०००। र त्यस क्षेत्रको खानेपानी योजनाको स्तर उन्नतिको लागि रु ३०,०००। स्थानिय उपभोक्ता समितिलाई सहयोग को निर्णय गरी भुक्तानीको प्रक्रिया अगाडि बढाईएको | ● सरकारी निकायसंग प्रशासनिक कार्यको समस्या<br>● सरकारी निकायबाट आशा अनुरुप सहयोग नपाईएको | ● सम्वन्धित निकायमा माग तथा आवश्यक अनुसारको बार्षिक कार्ययोजना तथा कार्य प्रगति विवरण पेश गरेको | ● कार्यक्रम सञ्चालन गर्दा सम्वन्धित सरकारी तथा स्थानिय निकायसंग समन्वय गरेको<br>● वित्तिय पारदार्शिताको लागि प्रत्येका आर्थिक वर्ष आन्तरीक तथा वार्षिक लेखा परिक्षण गरेको<br>● दाता संस्थाबाट आफ्नै लेखा परिक्षण गर्ने व्यवस्था गरेको |
| १० | सिड फाउण्डेसन ,कास्की | ● संस्थाको आफ्नो भवन निर्माण गरिएको | ● निमार्ण सामाग्रीको अभाव<br>● आर्थिक श्रोत व्यवस्थापनमा कठिनाई | ● विभिन्न संघसंस्था संग  हातेमालो गर्दै आर्थिक श्रोत व्यवस्थापन गरिएको | ● कार्यसमितिको वैठकबाट निर्णय गरी खर्चहरु गरिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • बेगनास ताल संरक्षणमा महत्वपूर्ण योगदान<br>• ४३जना स्थानिय युवाहरुलाई सिप मुलक तालिम प्रदान | • तालिममा निरन्तरता को कमी | • विभिन्न पटक घर दैलो र भेट घाटबाट तालिममा सहभागिहरुको निरन्तरता दिएको | • पत्रपत्रिकामा मार्फत सार्वजनिक गरेर<br>• बेभ साइट मा सार्वजनिक गरेर |
| ११ | नारी सेवा केन्द्र | • जलकुम्भी को दिगो व्यवस्थापनबाट फेवाताल संरक्षण नमूना<br>• धम्पुस , मौजा र लाहाचोक मा संस्था व्यवस्थापन तालिम<br>• फोहोर मैला व्यवस्थापनका लागि गड्यौला मल तालिम<br>• वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र गठन र परिचालन | • आर्थिक श्रोत व्यवस्थापनमा कठिनाई<br>• तालिम निरन्तरता को कमी | • विभिन्न संघसंस्था संग हातेमालो गर्दै आर्थिक श्रोत व्यवस्थापन गरिएको<br>• विभिन्न पटक घर दैलो र भेट घाटबाट तालिममा सहभागिहरुको निरन्तरता दिएको | • कार्यक्रम सम्पन्न पछि समिक्षा<br>• आम्दानी खर्चको विवरण प्रस्तुत<br>• बिल भरपाई अनुसार लेखा व्यवस्थापन |
| १२ | अनौपचारीक क्षेत्र सेवा केन्द्र इन्सक | • पशिमाञ्चल अस्पतालमा फार्मेसी संचालन को लागि मानवअधिकार निगरानी समूह द्धारा पहल र असार ५गतेबाट फार्मेसी संचालन भएको छ।<br>• कालिका गा.वि.स स्थित वडा नं ८र ९ मा पायक पर्ने गरी स्वास्थ्य केन्द्रको स्थापना गरिएको छ मानवअधिकार निगरानी समूह र कार्यक्रम संचालित विघालयको लागि गा.वि.सबाट छुट्याउने सकिएको ।<br>• हंसपुर गा.वि.समा श्रोत केन्द्र स्तरीय कार्यक्रम गर्न सफल स्चरीय कार्यक्रमगर्न सफल भएको जसको कारण ले गर्दा शिक्षकहरुद्धारा पाठ योजना बनाई विघालय निरिक्षक लाई उपलब्ध गराउन सफल भएको | • गाँउ शिक्षा समिति गठन गर्न नसकिनु , भएका गाँउ शिक्षा समितिले पनि प्रभावकारी रुपमा कार्य गर्न नसक्नु । विधालयमा छात्राहरुको लागि सेनेटरी प्याडको व्यवस्था गर्न नसकिनु<br>• अनुगमन जिल्ला स्तरमा मात्र सिमित राखिएको , अनुगमनलाई गा.वि.स र वडा स्तर सम्म पुर्याउने नसकिएको र अनुगमन पश्चात कार्यवाही मा कडाई नगरी दिंदा दण्डहिनता मौलाएको ।<br>• केन्द्रीय स्तरबाट ७० प्रतिशत औषधि खरिद गरी पठाउने प्रावधान रहेको सो औषधी खरिद गरी पठाउने प्रावधान रहेको सो औषधी क्षेत्र , जिल्ला हुदै गा.वि.स मा पुग्ने भएकाले मिति समिने लागेको औषधी गा.वि.स का स्वास्थ्य चौकी हरुमा जाने गरेको गाविसको वर्थिङ्ग सेन्टरबाट बच्चाको जन्म भै सकेपछि जन्मदर्ता प्रमाणपत्र तत्काल उपलब्ध गराउन नसकिएको । | • जिल्ला शिक्षा कार्यालय लाई बारम्बार ध्यानाकर्षण गरिएको र गाविस सचिवहरुको बैठक मा सोकुरा राख्न अनुरोध समेत गरिएको छ<br>• इन्सेकद्धारा हंसपुर गाविसको रामकोट उच्च मा.वि मा थोरै भएपनि सेनेटरी प्याडको व्यवस्था गरिएको<br>• विषादी द्रुतमापन यन्त्र केन्द्रको बारेमा जिल्ला कृषि विकास कार्यालय को रमेश प्रसाद कोइराला ज्यूलाई बारम्बार सोधपुछ गरिएको । | • जिल्ला स्तरमा जिल्लाका र गाविस स्तरमा गाविस का सम्वन्धित निकायका पदाधिकारी हरुलाई लगेर वा उहाँहरुसंग छलफल गर्ने र कार्यक्रममा सहजीकरण गर्न लगाउने कर तिर्ने , पारिश्रमीक , सहजीकरण र सेवा शुल्क कर तिर्ने गरिएको छ<br>• जिल्ला विकास समितिमा कार्यक्रमको शुरुवात मा कार्यक्रम र वजेटको सम्पूर्ण विवरण पेश गरिएको । गाविस सचिवहरुसंग समन्वय गरी गाविस स्तरीय कार्यक्रम सम्पन्न गर्ने गरेको<br>• समय समयमा वा आवश्यकता पर्दा बैठक गर्ने र कार्यक्रमहरुको वारेमा जानकारी गराउने गरिएको । |
| १३ | थ्रि एन्जल्स | • १२३२५,जनालाई रोकथाम , | • दलालहरुको थ्रेट | • प्रहरी प्रशासन संगको समन्वय | • एक व्यक्ति एक जिम्मेवार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४२२जनाको उद्धार र ३ जनालाई सेफहोममा आवासीय संरक्षण मा राखी शिपमुलक तालिम प्रदान गरिएको ।<br>● रेडियो र स्कुलको क्षमता विस्तार साथै शिक्षा ,सचेतना र आर्थिक सहायताका कार्यक्रमबाट मानव बेचविखन को न्युनिकरण<br>● व्यवसायिक यौन धन्दामा लगाईएका ४जना किशोरीलाई भारतका विभिन्न स्थानबाट उद्धार गरिएको | ● मानव बेचविखा विरुद्धको क्षेत्रमा काम गर्ने संस्थाको विचमा समन्वयको अभाव<br>● मानव बेचविखनको वदलिदो स्वरुप - फेसवुक मोवाईल | ● मानव बेचविखनको विरुद्ध मा काम गर्ने संस्थाको विचमा संजाल गठन<br>● सचेतनामुलक कार्यक्रमहरु संचालन | ● सामाजिक लेखापरिक्षण<br>● नागरिक वडापत्रको व्यवस्था |
| १४ | असल छिमेकी नेपाल | ● जीविकोपार्जन तथा स्वास्थ्य सचेतना कार्यक्रम<br>● राहत वितरण कार्यक्रम<br>● स्वयंसेवक विकास तथा पसिचालन | ● समुदायमा कार्य गर्दा स्थानिय स्तरको सहभागिता जुटाउन अप्ठायारो<br>● विभिन्न सरोकारवाला निकायहरु संग कार्य गर्दा समयमा कार्य सम्पन्न गर्न असहज<br>● स्थानिय समुदायका आवश्यकता अनुसार काम गर्न वजेटको अभाव<br>● एपचार पछि परिवार र समुदायमा पुनस्थापित गर्न लाई कठिनाई<br>● महिलाहरु निरक्षर भएको कारण आवश्यक सीप हस्तान्तरण गर्न गाहो | ● समुदायमा कार्य गर्दा स्थानिय स्तर को सहभागिता जुटाउने प्रयास गरिएको<br>● विभिन्न सरोकारवाला निकाय हरुसंग कार्य गर्दा समयमा कार्य सम्पन्न गर्न प्रयास गरिएको<br>● स्थानिय समुदायका आवश्यकता अनुसार काम गर्न वजेट जुटाउने प्रयास गरिएको | ● लेखा पारदर्शी तरीकाले राखिएको |
| १५ | नौलो घुम्ती नेपाल | ● लागुपदार्थ प्रयोगकर्ताहरु ,उनका परिवार तथा जोखिम उन्मुख समुदायहरुलाई आवश्यक परामर्श तथा उपचार<br>● यौनकर्मी महिला र उनी हरुका ग्राहक हरु तथा एच आई भी संक्रमितहरु परिक्षण तथा परामर्श<br>● झोलुडगे पुल निर्माणमा प्राविधिक तथा सामाजिका सहयोग | ● लागु पदार्थ प्रयोगकर्ताहरु , उनका परिवार तथा जोखिम उन्मुख समुदायहरुलाई आवश्यक परामर्श सेव ागर्न गाहो<br>● दक्ष जनशक्ति को अभाव<br>● वजेटको अभाव | ● एच आई भी एड्स रोकथाम का लागि लागु पदार्थ उपचार तथा पुर्नस्थापना कार्यक्रम गर्न प्रयास गरिएको | ● लेखा पारदर्शी तरीकाले राखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | जैविक विविधता अनुसन्धान तथा विकास का लागि स्थानिय कार्यक्रम | • गरिव तथा पछाडी परेका समुदाय को आय आर्जनमा वृद्धि<br>• बैज्ञानिक वन व्यवस्थापन समुदायलाई सहयोग<br>• आनुवाशिक जैविक श्रोतहरुको लाभांश बाडफाड | • समुदायलाई जनचेतना पुर्‍याउन गाहो<br>• जैविक विविधतामा ह्ास<br>• श्रोत जुटाउन समस्या | • समुदायलाई जनचेतना पुर्‍याउन प्रयास गरिएको<br>• जैविक विविधता को संरक्षण गर्न पहल गरिएको | • लेखा प्रणाली पारदर्शी तरीकाले राखिएको |
| १७ | रेन्बो बाल गृह | • भूकम्प पीडित सहयोग कार्यक्रम<br>• नारी दिवस मा विभिन्न कार्यक्रम<br>• एस एल सी दिई बसेका लाई भम्रण | • श्रोत जुटाउने समस्या<br>• समुदायलाई जनचेतना पुर्‍याउन गाहो | • श्रोत जुटाउने प्रयास गरिएको<br>• समुदायलाई जनचेतना पुर्‍याउन गाहो् | • लेखाप्रणाली पारदर्शी तरिकाले राखिएको |
| १९ | युनाइटेड युवा क्लव | • लेखनाथ को पचभैयामा चिडियाखाना सिल्यान्यास का साथै तार बार बाटो अनि भवन निर्माण कार्य संचालनमा<br>• औधोगिक उत्पादनहरुको प्रदैशनी एंव विक्री<br>• पोखरामा हुने विविध खेलकुद कार्यक्रमहरुमा सहयोग | • महोत्सव को व्यवस्थापन गर्न<br>• स्रोत हरु जुटाउने समस्या<br>• दक्ष जनशक्तिको अभाव | • महोत्सव को व्यवस्थापन गर्न विभिन्न उपायको खोजी<br>• स्रोत हरु जुटाउने प्रयास गरिएको | • लेखाप्रणाली पारदर्शी तरिकाले राखिएको<br>• प्रत्येक व्यक्तिलाई जिम्मेवार वनाइएको |

**अनुसुची :-**

१) उपस्थिति
२) फोटोहरु

**प्रतिवेदक**
सहायकस्तर चौथो दिपेन्द्र मरासैनी
जि.वि.स.कास्की


वार्षिक प्रगति समिक्षा गोष्ठी
आ.व २०७२/२०७३ को
आयोजक
जिल्ला विकास समिति
कास्की


वार्षिक प्रगति समिक्षा गोष्ठी


वार्षिक प्रगति समिक्षा गोष्ठी


प्रगति समिक्षा गोष्ठी